

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०५९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन ६ गते शुक्रबार ❑ 22 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## पर्यटन क्षेत्र लयमा नआउँदा पोखरामा राजस्वको लक्ष्य पूरा हुन सकेन

पोखरापत्र संवाददाता
पोखरा, ५ साउन

आन्तरिक राजस्व कार्यालय पोखराले गत आर्थिक वर्ष २०७८/७९ मा लक्ष्यको ९५ दशमलव ६६ प्रतिशत मात्र राजस्व सङ्कलन गरेको छ । विशेष गरी पर्यटन क्षेत्रबाट राम्रो राजस्व उठाउँदै आएको कार्यालयको पर्यटन व्यवसाय कोभिडअघिकै लयमा फर्किन नसक्दा राजस्वको लक्ष्यसमेत प्रभावित भएको हो ।

गत आवमा कूल रु पाँच अर्ब १० करोड १७ लाख २८ हजार राजस्व सङ्कलनको लक्ष्य राखेको कार्यालयले रु चार अर्ब ८८ करोड चार लाख ४१ हजार मात्र सङ्कलन गरेको छ । सङ्कलित राजस्व लक्ष्यको रु २२ करोड १२ लाख ८७ हजार न्यून हो । कार्यालयले आयकरतर्फ लक्ष्यभन्दा बढी राजस्व सङ्कलन गरे पनि मूल्य अभिवृद्धि कर(मुअकर) र अन्त शुल्क लक्ष्यअनुसार सङ्कलन नहुँदा समग्र राजस्वको लक्ष्य पूरा हुन नसकेको हो ।

कार्यालयले आयकर शीर्षकमा रु दुई अर्ब ८४ करोड एक लाख २१ हजार सङ्कलनको लक्ष्य राखेकामा रु तीन अर्ब तीन करोड ५६ लाख जम्मा भएको कार्यालयले जनाएको छ । त्यो लक्ष्यको १०६ दशमलव ८८ प्रतिशत हो । यसैगरी मुअकरमा रु एक अर्ब ५७ करोड १० लाख ७८ हजारको लक्ष्य राखिएकामा रु एक अर्ब ३३ करोड ५५ लाख ४२ हजार सङ्कलन भएको प्रमुख कर अधिकृत एवं राजस्व कार्यालयका प्रमुख एवं प्रमुख कर अधिकृत रमेश शर्माले बताउनुभयो । कार्यालयले गत आर्थिक वर्षमा घरबहाल करतर्फ रु छ करोड ३९ लाख ३४ हजार, ब्याजकर रु ३५ करोड ३५ लाख १६ हजार, अन्तशुल्क रु १८ करोड ९७ लाख ५२ हजार, स्वास्थ्य सेवा कर रु १६ लाख ४१ हजार र शिक्षा कर रु चार लाख ३४ हजार सङ्कलन गरेको छ । कार्यालयले भने लक्ष्य पूरा हुन नसके पनि राजस्व सङ्कलन सन्तोषजनक नै रहेको जनाएको छ । विगतको राजस्वको वार्षिक वृद्धिदरभन्दा कम भए पनि राष्ट्रिय औसतभन्दा माथि रहेकाले राम्रो नै मान्नुपर्ने कार्यालय प्रमुख शर्माले बताउनुभयो । कार्यालयको कार्यक्षेत्रमा सेवा क्षेत्र बढिरहेको र होटल तथा पर्यटन क्षेत्र कोभिड अघिकै लयमा फर्किन नसक्दा त्यस क्षेत्रबाट जम्मा हुने मूल्यअभिवृद्धि करमा कमी आएको र सरकारी कार्यालयको पूँजीगत खर्च कम हुँदासमेत राजस्वको समग्र लक्ष्य भेट्टाउन नसकिएको कार्यालयले जनाएको छ ।

कार्यालय प्रमुख शर्माले भन्नुभयो, "हाम्रो कार्यालयको कार्यक्षेत्रमा सेवा क्षेत्र बढी छ, होटल र पर्यटन क्षेत्र पुरानै लयमा फर्किन नसक्दा सो क्षेत्रबाट भ्याट आउन सकेन, पोखरा महानगरपालिका र प्रदेशस्थित कार्यालयबाट पनि गत वर्ष पूँजीगत खर्च कम हुँदा सरकारी कार्यालयबाट आउनुपर्ने मुअकर पनि सोचेअनुसार आउन नसक्दा हामीले लक्ष्य हासिल गर्न सकेनौँ ।" आन्तरिक राजस्व कार्यालय पोखरामा गत असार मसान्तसम्म ६२ हजार ४७१ आयकरमा र ११ हजार ७१२ करदाता मूल्यअभिवृद्धि करमा दर्ता भएका छन् । यसैगरी व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या एक लाख ३० हजार ८७० रहेको कार्यालयका सूचना अधिकारी मदनबहादुर केसीले जानकारी दिनुभयो । गत आर्थिक वर्ष २०७८/७९ मा आयकरतर्फ सात हजार ४६६, मुअकरमा एक हजार ३५ र व्यक्तिगत स्थायी लेखा नम्बर लिने २२ हजार ५८३ करदाता थपिएका छन् ।

## बिपीका सिद्धान्त नेपालका दलहरुको मुलमन्त्र : मुख्यमन्त्री पोखरेल

पोखरापत्र संवाददाता
पोखरा, ५ साउन

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले लोकतन्त्र एवं संसदीय अभ्यासमा विश्वास गर्ने राजनीतिक दलहरुका लागि बिपी कोइरालाका सिद्धान्त र आदर्श मुल मन्त्रका रुपमा स्थापित भएको बताएका छन् ।

नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री, नेपाली काङ्ग्रेसका संस्थापक जननायक बिपी कोइरालाको ४० औं स्मृति दिवस (साउन ६) का सन्दर्भमा वक्तव्य जारी गर्दै उनले राष्ट्रियताको सवालमा बिपीले लिएको राष्ट्रिय मेलमिलाप नीतिको सान्दर्भिकता मुलुकमा अहिले झन् बढ्दै गएको उल्लेख गरेका हुन् । उनले भनेका छन्, 'राणा शासनविरुद्धको आन्दोलनका अगुवा युगनायक बिपी कोइराला प्रजातान्त्रिक समाजवादको विश्वव्यापी आन्दोलनमा समेत उत्तिकै छाप छाड्न सफल हुनुभएको छ । मुलुकले अहिले पनि उहाँले देखाएको मार्गलाई नै अनुशरण गर्दै आएको छ ।'

मुलुक र नागरिकको हितका लागि बिपीले थालेका दुरगामी सोचबाटै अहिले मुलुक अगाडि बढेको भन्दै उनले नागरिक समृद्ध र सुखी नहुँदासम्म राष्ट्रियता र प्रजातन्त्र मजबुत नहुने भएकाले राजनीतिको मुल ध्येय जनताको सेवा हो भन्नेमा बिपीको स्पष्ट दृष्टिकोण रहेको उल्लेख गरेका छन् । उनले भनेका छन्, 'बिपीका गतिशील र कालजयी विचारकै कारण आज पनि नेपाली काङ्ग्रेस

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एटिएम मेसिन फोरेर १५ लाख चोरी

पोखरापत्र संवाददाता
कास्की, ५ साउन

पोखरामा एक बैंकको एटिएम मेसिन फोरेर रु १५ लाख चोरी भएको छ । पोखरा महानगरपालिका-२६ अर्घौचोकमा रहेको एनएमबी बैंकको एटिएम मेसिन फोडेर गएराति रकम चोरी भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सुन्दर तिवारीले घटनाको अनुसन्धान भइरहेको र चोरी गर्नेको खोजतलास तीव्र बनाइएको जानकारी दिनुभयो । उहाँले हालसम्म घटनामा संलग्न भएको अभियोगमा कसैलाई पनि पक्राउ नगरिएको बताउनुभयो ।

चोरले मेसिन फोडेर नगद लिएपछि पैसा राखिएको बाकस अर्घौचोकस्थित विचारी चौतारीमा फालेको थियो । बैंकले अघिल्लो दिन एटिएममा रु १७ लाख राखेकामा रु दुई लाख ग्राहकले निकालेको र बाँकी पैसा चोरी भएको बताइन्छ ।

पोखरामा केही दिनयता बैंकको एटिएम मेसिन फोरेर रकम चोरी गर्ने घटना बढेका छन् । गत असार ३१ गते राति पोखरा-९ न्यूरोडस्थित महानगरपालिका कार्यालय अगाडि रहेको एनआइसी एशिया बैंकको एटिएम मेसिन फोर्ने एक जनालाई प्रहरीले घटना भएको दुई दिनपछि पक्राउ गरेको थियो ।

## एसईई परीक्षाको नतिजा साउन १० गते सार्वजनिक हुँदै

रासस
भक्तपुर, ५ साउन

राष्ट्रिय परीक्षा बोर्डले यसवर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) को नतिजा साउन १० गतेभित्र सार्वजनिक गर्ने तयारी गरेको छ ।

बोर्डका अध्यक्ष डा महाश्रम शर्माले एसईई परीक्षाको नतिजा सार्वजनिक गर्नका लागि आवश्यक काम तीव्ररुपमा भइरहेको जानकारी दिनुभयो । उहाँले नतिजामा प्राविधिकरुपमा कुनै समस्या नआओस् भनेर विद्यार्थीको विवरणहरू रुजु गर्ने कार्यलाई कडाइका साथ निगरानी गरिरहेको उहाँले बताउनुभयो । अध्यक्ष डा शर्माले भन्नुभयो, "विगतमा नतिजा सार्वजनिक भएपछि कहिले जन्म मिति, कहिले अङ्क, त कहिले के मिस्टेक भयो भन्दै सच्याउन आउनेको भीड हुन्थ्यो, त्यसलाई मध्यनजर गर्दै बरु केही दिन नतिजा ढिला होस् तर नतिजा सार्वजनिक भएपछि सकेसम्म विद्यार्थीले विभिन्न विवरण सच्याउन फेरी धाउन नपरोस् भनेर यस पटक अलि कडाइका साथ विवरण रुजु गर्ने कार्य भइरहेको छ ।" उहाँले सबै विवरण रुजु गरेर अन्तिम पटक पुनः जाँच गरेपछि आउँदो साताको सुरुमै नतिजा सार्वजनिक गर्ने गरी तयारी गरेको बताउनुभयो । स्थानीय तहको निर्वाचनका कारणले पनि केही दिन नतिजा पर धकेलिएको उहाँको भनाइ छ । शिक्षाका कर्मचारीदेखि उत्तर पुस्तिका परीक्षणको जिम्मेवारी पाएका शिक्षक शिक्षिका निर्वाचनमा खटिएकाले उत्तर पुस्तिका परीक्षणमा पनि केही ढिला हुँदा नतिजा सार्वजनिक गर्न पनि केही दिन ढिलाइ हुनगएको उहाँको भनाइ छ । डा शर्माले भन्नुभयो, "हाम्रो लक्ष्यभन्दा केही दिन नतिजा ढिलो भए पनि शैक्षिक सत्रलाई असर पर्ने गरी ढिला हुँदैन, हामी नतिजा सार्वजनिक गर्ने अन्तिम तयारीमै छौँ, आउँदो साताको सुरुमै नतिजा सार्वजनिक गर्ने तयारीमा छौँ ।"

एसईई (कक्षा १०) का परीक्षा नियन्त्रक अर्जुन रायमाझीले नतिजा सार्वजनिक गर्ने अन्तिम तयारीमा रहेको बताउँदै कुनै समस्या नआए १० गतेभित्र र अन्यथा १२ गतेसम्म नतिजा सार्वजनिक गर्छौँ ।" अहिले उत्तर पुस्तिका परीक्षणको काम सम्पन्न गरी सम्परीक्षणको कामसमेत अन्तिम चरणमा पुगेको जानकारी दिँदै उहाँले कम्प्युटरमा इन्ट्री गर्ने, रुजु गर्नेलगायत काम भइरहेको जानकारी दिनुभयो ।

कोरोनाका कारण दुई वर्ष आन्तरिक मूल्याङ्कनबाट नतिजा सार्वजनिक भए पनि यसवर्ष बोर्डले विद्यार्थीको भौतिक उपस्थितिमै गत वैशाख ९ गतेदेखि २० गतेसम्म परीक्षा सञ्चालन गरेको थियो । दुई हजार सात परीक्षा केन्द्रबाट ११ हजार ६१५ विद्यालयका दुई लाख ५७ हजार ९२४ छात्रा र दुई लाख ५७ हजार ५३ छात्र गरी पाँच लाख १४ हजार ९७७ परीक्षार्थीले परीक्षा दिएका परीक्षा नियन्त्रक रायमाझीले जानकारी दिनुभयो । बोर्डले ६१ विषयमा परीक्षा सञ्चालन भएको थियो ।

## स्याङ्जामा पोखरीमा डुबेर दुई जनाको मृत्यु

पोखरापत्र संवाददाता
वालिङ, ५ साउन

स्याङ्जाको गल्याङ-६ पेलाकोटमा पोखरीमा डुबेर दुई जनाको मृत्यु भएको छ । बुधबार साँझ पेलाकोटस्थित सिँचाइका लागि बनाइएको पोखरीमा डुबेर गल्याङ-६ का ३३ वर्षीया बिन्द्र गुरुङ र चार वर्षीया सोफिया गुरुङको मृत्यु भएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता रवीन्द्र खनालका अनुसार सोफिया पोखरीमा डुबेको देखेपछि उनको उद्धार गर्ने क्रममा बुबा बिन्द्र पनि डुबेका थिए ।

तत्काल उद्धार गरी वालिङस्थित गह्रौँ प्राथमिक अस्पतालमा पुऱ्याइएकामा चिकित्सकले दुवै जनालाई मृत घोषणा गरेको थियो ।

## उद्देश्यसहित गठबन्धन हुन्छ : महामन्त्री थापा

रासस
चितवन, ५ साउन

नेपाली काङ्ग्रेसका महामन्त्री गगनकुमार थापाले आसन्न संघीय र प्रादेशिक निर्वाचनमा निश्चित उद्देश्यसहित दलहरूको बीचमा तालमेल हुनुपर्ने बताउनुभएको छ ।

नेपाल प्रेस युनियन चितवनले बिहीवार यहाँ आयोजित पत्रकार सम्मेलनमा उहाँ तालमेल के का लागि पहिले नै टुङ्गो लाग्नुपर्छ भन्नुभयो । महामन्त्री थापाले निर्वाचनपछि र अगाडिको तालमेल असफल भएको बताउनुभयो । उहाँले भन्नुभयो, "तालमेल के का लागि, जनतासँग जोडिन्छ कि जोडिँदैन भन्ने हुनुपर्छ ।" तत्कालका लागि नाफा मात्रै देखिन्छ भने त्यो आवश्यक नभएको उहाँले स्पष्ट पार्नुभयो । आगामी निर्वाचनका लागि गरिने तालमेलमा न्यूनतम समझदारी बन्नुपर्छ भन्नुभयो । निर्वाचन अघि गरिने तालमेल दलहरूका बीचमा संविधानलाई हेर्ने दृष्टिकोण, आर्थिक सामाजिक मुद्दा र विदेश नीतिका सन्दर्भमा न्यूनतम समझदारी बन्नुपर्ने उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यी कुरामा समझदारी हुँदैन भने तालमेल नगरेकै राम्रो ।" न्यूनतम समझदारी नबनी तालमेल गर्दा निर्वाचन जितिसकेपछि साना कुरा, तानातानले तालमेल टुट्न सक्ने उहाँको भनाइ छ । "तालमेलमा रहेका दलहरूमा खाली सिटको बाँडफाँट हुने । निर्वाचन जित्ने कुरालाई मात्रै ध्यान दिने, निर्वाचन जितिसके पछि आआफ्नो मत रहने हो भने सानो कुराको स्वार्थले पनि दुर्घटनामा पर्देरहेछ भन्ने कुरा नेपाल कम्युनिष्ट पार्टीको २०७४ सालको निर्वाचनबाट देखेका छौँ ।" महामन्त्री थापाले भन्नुभयो, "निर्वाचनमा एउटा पार्टीले एक्लै लड्दा बहुमत ल्याउने अवस्था छैन ।" नेपाली काङ्ग्रेस त्यसतर्फ सचेत रहँदै बहुमत ल्याउनका लागि तालमेल आवश्यक रहेको उहाँले बताउनुभयो । बहुमत स्थिर सरकारका लागि आवश्यक रहेको उहाँको भनाइ थियो । नागरिकसँग गरेका वाचा पाँच वर्षमा पूरा गर्नका लागि काङ्ग्रेसलाई बहुमत आवश्यक रहेको उहाँले जिकिर गर्नुभयो । फरक प्रसङ्गमा उहाँले पार्टी सभापतिलाई बलियो बनाउँदै विधिसंवत पार्टी चलाउन आफूहरूको दबाब रहेको बताउनुभयो ।

## बजेट निर्माणमा अनाधिकृत व्यक्तिको सहभागिता छैन: पूर्वअर्थमन्त्री शर्मा

रासस
काठमाडौं, ५ साउन

पूर्वअर्थमन्त्री जनार्दन शर्माले संसदीय समितिले सोधेका अधिकांश विषयमा आफूले स्पष्ट जवाफ दिएको बताउनुभएको छ ।

चालु आर्थिक वर्षको बजेट निर्माणका क्रममा अनाधिकृत व्यक्तिहरू संलग्न गराएको भन्ने सन्दर्भमा प्रतिनिधिसभाले गठन गरेको संसदीय छानबिन विशेष समितिले बिहीबार उहाँसँग सोधपुछ गरेको थियो ।

बाँकी अन्तिम पृष्ठमा ▶▶


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पर्वतमा दुई जनामा डेङगुको संक्रमण पुष्टि

**पोखरापत्र संवाददाता**
**पर्वत, ५ साउन**

यहाँ दुई जनामा डेङ्गु रोगको सङ्क्रमण फेला परेको छ।

उपचारका लागि जिल्ला अस्पताल आएका दुई जनामा डेङ्गुको सङ्क्रमण रहेको पुष्टि भएको हो। अस्पतालका सूचना अधिकारी लक्ष्मण उपाध्यायका अनुसार स्वास्थ्यमा समस्या आएपछि परीक्षणका लागि आएकामध्ये दुई जनामा डेङ्गुको सङ्क्रमण रहेको बुधबार पुष्टि भएको हो। उहाँहरू दुवै जना कुश्मा नगरपालिकाका बिरामी रहेको अस्पतालले जनाएको छ। घरमा बसिरहेको अवस्थामा लगातार ५/७ दिनसम्म ज्वरो आएपछि उपचारका लागि आएका उहाँहरूमा सङ्क्रमणको शङ्कामा प्रयोगशालामा गरिएको परीक्षणबाट डेङ्गु रहेको पुष्टि भएको हो। दुवै जनाको उपचार भइरहेको जनस्वास्थ्य निरीक्षक उपाध्यायले बताउनुभयो।

स्वास्थ्य कार्यालयका निमित्त कार्यालय प्रमुख सन्तोष पौडेलले अस्पतालको ल्याबमा गरिएको परीक्षणबाट दुई जनामा सङ्क्रमण पुष्टि भएको जनाउँदै गतवर्ष कसैमा पनि पुष्टि नभएको तर त्यसअघि भने सङ्क्रमण देखिएको बताउनुभयो। सङ्क्रमण देखिनुको अर्थ सबै जना सचेत हुनुपर्ने सूचना मिलेको जनाउँदै उहाँले लामखुट्टेको टोकाइबाट बच्नका लागि सुझाव दिनुभयो।

बागलुङको तुलनामा पर्वतमा डर मान्नुपर्ने अवस्था नरहेको र यो अवस्था सामान्य जोखिमको रहेको पौडेलको भनाइ छ। बागलुङको मौसमी अवस्था, सहरीकरण र जनसङ्ख्या पर्वतभन्दा जोखिमयुक्त रहेको छ।

# बिपीका..

मुलुकको प्रजातान्त्रिक आन्दोलन, राष्ट्रियता, विकास र स्थायित्वको पर्याय बनेको छ।' प्रजातान्त्रिक विचारधाराको विकास र विस्तारमा योगदान गर्न, मुलुकमा संसदीय प्रजातन्त्रलाई संस्थागत गर्न, नेपालको अन्तर्राष्ट्रिय गरिमा वृद्धि तथा सम्बन्ध विस्तार गर्न बिपीले पुर्‍याएको योगदान अतुलनीय रहेको उनको भनाइ छ।

'बिपी कोइरालाले अगाडि सारेको प्रजातान्त्रिक सिद्धान्त र विचारलाई अवलम्बन गरी मुलुकमा राजनीतिक स्थायित्वतर्फ डोर्‍याएर मुलुकलाई आर्थिक समृद्धिको बाटोमा लैजान सके मात्र उहाँप्रतिको सम्मान हुनेछ भन्ने मलाई लागेको छ,' उनले भनेका छन्। नेपाली प्रजातान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व, साहित्यमा समेत उत्तिकै दख्खल राख्ने बिपी कोइरालाप्रति मुख्यमन्त्री पोखरेलले हार्दिक श्रद्धान्जली अर्पण गरेका छन्। २०१६ जेठ १६ मा प्रथम जननिर्वाचित प्रधानमन्त्रीका रुपमा सपथ खाएका बिपी १८ महिना मात्र उक्त पदमा रहे। विसं १९७१ भदौ २४ मा जन्मेका बिपीको २०३९ साउन ६ गते निधन भएको हो।



जिल्लाको ऋषिङ्ग गाउँपालिका-८ दुईघरे निवासी एक महिला जाँतोमा मकै पिस्दै। पछिल्लो समय गाउँघरमा पनि ढिकी र जाँतो बिरलै मात्रमा प्रयोग हुने गरेको पाइन्छ। तस्बिर : सानेबहादुर नेपाली /रासस

# वालिङको पहिचान 'गुलाबी अभियान'

**पोखरापत्र संवाददाता**
**वालिङ, ५ साउन**

स्मार्ट सिटीको अवधारणाअनुसार काम गर्दै आएको स्याङ्जाको वालिङ नगरपालिकालाई 'गुलाबी सहर' बनाउने अभियान पनि प्रभावकारी बन्दै गएको छ। विसं २०७४ मा भएको स्थानीय तहको निर्वाचनसँगै निर्वाचित जनप्रतिनिधि र नगरपालिकाभित्र रहेका विभिन्न सङ्घ संस्थाको सामूहिक छलफलबाट वालिङलाई 'गुलाबी सहर' कारुपमा विकास गर्ने अभियान थालिएको थियो। गुलाबी रङलाई सौहार्दता, माया, सुन्दरता र शक्तिको प्रतीककारुपमा मान्दै आइएकाले पनि यो रङ छनोट गरिएको प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले बताउनुभयो।

'गुलाबी सहर' बनाउने अभियानलाई यसअघि नै नगरसभाले पारित गरेर अगाडि बढेसँगै अहिलेको नीति तथा कार्यक्रममा यसलाई निरन्तरता दिइएको उहाँले बताउनुभयो। "नगरपालिकाभित्रका बजार वा गाउँमा नयाँ बनेका ८० प्रतिशतभन्दा बढी घरमा गुलाबी रङ लगाइएको छ" प्रमुख प्रशासकीय अधिकृत भट्टराईले भन्नुभयो, "नयाँ बनेका घरको हकमा गुलाबी रङ नलगाउँदासम्म घर सम्पन्नताको प्रमाणपत्र दिदैनौं, गुलाबी रङलाई अनिवार्य गरेका छौं।" घरको बाहिरी भित्तामा घरधनीले अनिवार्यरुपमा गुलाबी रङ लगाउनुपर्ने छ भने भित्री भित्तामा आफ्नो रोजाइँको रङ प्रयोग गर्न पाईने उहाँले उहाँले बताउनुभयो। पुराना घरमा पनि रङ रोगन गर्दा बाहिरी भित्तामा गुलाबी रङ प्रयोग गर्न नगरपालिकाले आग्रह गरेको छ।

जनप्रतिनिधिको दृष्टि तथा नगरवासीको साथ र सहयोगले नै नगरपालिकालाई 'गुलावी सहर' का रुपमा पहिचान दिने गरी अगाडि बढ्न सकिएको प्रमुख प्रशासकीय अधिकृत भट्टराईले बताउनुभयो। वालिङमा २०७४ सालदेखि हालसम्म एकहजार ८२० नयाँ घर निर्माण भएको नगरपालिकाको घरनक्सा शाखामा उल्लेख छ। उक्त शाखाका अनुसार नयाँ बनेका सबै घरका बाहिरी भित्तामा गुलाबी रङ लगाइएको छ। गुलाबी रङ नलगाइकन सम्पन्नताको प्रमाणपत्र नदिइने भएकाले पनि घरमा गुलाबी रङ लगाउने अभियान प्रभावकारी बन्दै गएको हो। वालिङस्थित विभिन्न कम्पनीका रङका डिलर तथा बिक्रेतासँग छलफल गरी गुलाबी रङमा ग्राहकले खरिद गर्दा मूल्यमा झण्डै आधा छुट दिने व्यवस्था नगरपालिकाले मिलाएको थियो। रङ व्यवसायी तथा कम्पनीले रङको खरिदमा छुट दिएर वालिङलाई 'गुलाबी सहर' कोरुपमा पहिचान दिनेगरी सहकार्य गर्दै अगाडि बढेको वालिङस्थित जय श्री अधिकारी ब्रदर्शका सञ्चालक वासुदेव अधिकारीले बताउनुभयो। "नगरपालिकाले अगाडि सारेको गुलाबी अभियानमा सहकार्य गर्दै करिब आधा छुट उपलब्ध गराएका थियौँ" उहाँले भन्नुभयो, "तर पछिल्लो समय रङको मूल्य चार/चार पटक वृद्धि भएर आएकाले हाल बढीमा २०-२५ प्रतिशतमात्रै छुट दिन सकिने अवस्था छ।" गुलाबी रङभित्रैबाट विशेष सुत्रमार्फत छुट्टै 'वालिङ पिङ्क' नामक रङ उत्पादन गरी सबै व्यापारी तथा डिलरलाई उक्त सुत्र अनुसार रङ बनाउन सिफारिस गरिएकाले एकरुपता भएको हो।

# बजेट...

उक्त समितिले राखेका जिज्ञासाका बारेमा आफूले स्पष्ट जवाफ दिएको उहाँले बताउनुभएको हो। संसदीय समितिको बैठकमा आफ्नो धारणा राखेर बाहिरिएपछि सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले भन्नुभयो, "उहाँले सोध्नुभएका हरेक प्रश्नको जवाफ दिएको छु।" समितिको बैठकमा उहाँले बजेट तयारीका क्रममा कुनै पनि अनाधिकृत व्यक्तिलाई प्रवेश नगराएको तथा कुनै पनि अनाधिकृत काम नगरेको बताउनुभएको थियो। उहाँले अर्थमन्त्रीको हैसियतमा आफैँले करको दर हेरफेर गरेको र त्यसमा अनाधिकृत व्यक्तिको संलग्नता नगराएको समेत स्पष्ट पार्नुभयो। उहाँले आफूमाथि लागेको आरोप निराधार रहेकोसमेत उल्लेख गर्नुभएको थियो। पूर्वअर्थमन्त्री शर्माले विधि, नियम र कार्यविधिमा रहेर नै आफूले बजेट तय गरेको स्पष्ट पार्दै आफूलाई आरोप मात्र लगाइएको बताउनुभएको थियो। चौतर्फीरुपमा आलोचना भएपछि प्रतिनिधिसभाले गत असार २२ गते ११ सदस्यीय संसदीय समिति गठन गरेको थियो। सभामुख अग्निप्रसाद सापकोटाले उक्त समितिलाई १० दिनको समयावधि दिनुभएको छ।

# वर्षासँगै किसानलाई रोपाइँ गर्न भ्याइनभ्याई

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ साउन**

बुधबार बिहानदेखि सुरु भएको वर्षाले किसानलाई राहत मिलेको छ। खडेरीका कारण रोपाइँ गर्न नपाएका किसानले वर्षापछि धमाधम रोपाइँ गर्न थालेका छन्। जिल्लाभर ३० प्रतिशत खेतमा अझै रोपाइँ गर्न बाँकी छ।

बैंसी खेतमा कुलो र नहरको पानी पर्याप्त हुने भएकाले रोपाइँ भएको भए पनि पाखाहरूमा रोपाइँ हुनसकेको थिएन। सुक्खा ठाउँमा भल छोपेर रोपाइँ गर्ने किसान लामो समयको खडेरीका कारण मर्कामा थिए। "पानी परेपछि राहत मिलेको छ", जैमिनी नगरपालिका-९ का टङ्कप्रसाद शर्माले भन्नुभयो।

यसअघि रोपाइँ सकेका किसान खेतमा धाँजा फाट्न थालेपछि चिन्तामा थिए। वर्षासँगै खहरेमा पानीको मात्रा बढेको र मूल बढेपछि रोपेको जमिनमा पानी लगाउन सहज भएको बागलुङ नगरपालिका-१२ का खगेश्वर घिमिरेले बताउनुभयो। असारको अन्तिम सातायता साउन ३ गतेसम्म भल चल्ने गरी बागलुङमा पानी परेको थिएन। किसान खहरे सुक्न थालेपछि उत्पादन घट्ने चिन्तामा थिए।

असार अन्तिम साताका लागि रोप्ने तयारीका साथ ब्याड राखेको बीउ बुढिएर रोप्नै नमिल्ने भइसकेको छ। वर्षासँगै भल छोपेरै भए पनि किसान रोपाइँ गर्न थालेका छन्। जिल्लाभर चार हजार २०० हेक्टर जमिनमा रोपाइँ भएको छ भने एक हजार ८०० हेक्टर खेतमा रोपाइँ हुन बाँकी छ।

# नेपालको समृद्धिको यात्रा साझेदार बन्न प्रधानमन्त्रीको आग्रह

**रासस**
**काठमाडौं, ५ साउन**

प्रधानमन्त्री शेरबहादुर देउवासँग वर्ल्ड एसोसियसन अफ पब्लिक प्राइभेट पार्टनरसीप युनिट एण्ड प्रोफेसनल्स (डब्लुएपिपिपी) का प्रतिनिधिमण्डलले शिष्टाचार भेट गरेको छ।

डब्लुएपिपिपीका अध्यक्ष जियाद अलेक्जेन्डर हायेकसहित तीन जनाको प्रतिनिधिमण्डलले बिहीबार प्रधानमन्त्री निवास बालुवाटारमा पुगेर प्रधानमन्त्रीसँग भेट गरेको हो। भेटमा सार्वजनिक-निजी साझेदारी (पिपिपी)मार्फत पूर्वाधार तथा अन्य व्यावसायिक सम्भाव्यता भएका परियोजना कार्यान्वयन गरी सरकारको सेवा प्रवाहलाई अझै चुस्त र गुणस्तरीय बनाउन सकिनेबारे छलफल भएको लगानी बोर्डको कार्यालयले जनाएको छ। यसबाट स्वदेशी एवं प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) आकर्षित गरी दिगो र समावेशी आर्थिक विस्तारको आधार तयार गर्ने विश्वास लिइएको छ। पिपिपी तथा लगानीसम्बन्धी कानूनी र संस्थागत व्यवस्थामार्फत नेपालले सार्वजनिक-निजी साझेदारीमार्फत् स्रोतको खाडल पूर्ति गरी आर्थिक विकासको लाभ हासिल गर्न गरिरहेको प्रयासको प्रशंसा गर्दै उक्त प्रतिनिधिमण्डलले नेपालले पिपिपीअन्तर्गत लगानी सहजीकरणमा प्रतिस्पर्धी वातावरण निर्माण गर्नुपर्नेमा जोड दिएको लगानी बोर्डको कार्यालयका प्रवक्ता अमृत लम्सालद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

पिपिपी आकर्षक भए पनि आफैँमा जटिल विषय भएको भन्दै यसका विविध पक्ष-वित्तीय, कानूनी, प्राविधिक, वातावरणीय, सामाजिक, राजनीतिक, कार्यक्रम, परियोजना, स्थानीय र अन्तर ाष्ट्रिय परिदृश्यलगायतको कुशल तादात्म्यताबाट मात्र प्रभावकारी परिणाम निकाल्न सकिने भएकाले पिपिपीका क्षेत्रमा काम गर्ने संस्थाको सोहीअनुसार क्षमता विकास हुनुपर्ने प्रतिनिधिमण्डलको धारणा थियो। प्रतिनिधिमण्डलले लगानी बोर्डको कार्यालय डब्लुएपिपिपीको सदस्य भएकाले सहयोगका लागि सधैँ तत्पर रहेको प्रतिबद्धता व्यक्त गरेको उहाँले जानकारी दिनुभयो।

उक्त अवसरमा लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील भट्टले संस्थागत र व्यावसायिक क्षमता विकासमा डब्लुएपिपिपीका तर्फबाट प्राप्त सहयोगका लागि धन्यवाद दिँदै प्रधानमन्त्रीको अध्यक्षतामा गठित बोर्ड सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐनबाट निर्देशित रहेको र पिपिपी परियोजना विकासलाई नेपाल सरकारले उच्च महत्व दिएको बताउनुभयो।

# साउन दोस्रो साता 'बिबिआर' फुटसल प्रतियोगिता, एकजना 'ए' डिभिजन खेलाडी राख्न पाइने

**पोखरापत्र संवाददाता**
**पोखरा, ५ साउन**

पोखरा महानगरपालिका २७ तालचोकस्थित काइट फुटसलमा पहिलो संस्करणको 'बिबिआर फाइभ ए साइड फुटसल प्रतियोगिता' हुने भएको छ।

आगामी १० र ११ गते स्वास्थ्य र भाइचाराका लागि खेलकुद' भन्ने नारासहित विश्वास, भिषण एण्ड राहुल युनाइटेडले 'फाइभ ए साइड फुटसल प्रतियोगिता' आयोजना गरिने खेल संयोजक राहुल गुरुङले जानकारी दिए।

उनका अनुसार सो प्रतियोगिताको विजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ६० हजार प्राप्त गर्नेछ भने उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित ३० हजार हात पार्नेछ। यसैगरि प्रतियोगितामा उत्कृष्ट खेलाडीले ट्रफीसहित २ हजार ५ सय, र सर्बाधिक गोलकर्ता तथा उत्कृष्ट गोलरक्षकले जनही २ हजार प्राप्त गर्नेछ। दुई दिन सञ्चालन हुने प्रतियोगितामा प्रत्येक टिमले चाहेको खण्डमा 'ए', 'बि' र 'सि' डिभिजनका एक जना खेलाडीलाई समावेश गर्न पाइने बताइएको छ।

उक्त प्रतियोगिताको दर्ता शुल्क नगद रु ४ हजार निर्धारण गरिएको आयोजकले जनाएको छ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# संस्थापकका आदर्श नबिर्स

नेपालको राष्ट्रिय हित र नेपाली जनताको मुक्तिको लागि पार्टी स्थापना गरेर जीवनकाल भरी सर्घषरत स्वर्गीय वीपी कोइराला र पुष्पलाल दुई सपुतलाई देशैभरी सम्झने गरिन्छ । हरेक वर्षको साउन ६ र ७ गते नेपाली आमाका दुई सपुत स्व.वी.पी कोइराला र पुष्पलाल श्रेष्ठलाई नेपाली काङ्ग्रेस र नेपाल कम्युनिस्ट पार्टीले सम्झने गर्दछन । नेपालमा जहानीया राणा शासनको अन्त्य गरि बहुदलीय लोकतन्त्र स्थापना गर्न उनीहरुले गरेको संघर्ष र योगदानहरुको चर्चा हुने गरेको छ । नेपाली कांग्रेसका संस्थापक एवं पहिलो जननिर्वाचित प्रधानमन्त्री वी.पी कोइरालाको निधन भएको ४० वर्ष भएको छ । आज भन्दा ४० वर्ष अघि २०३९ साल साउन ६ गते वी.पी को निधन भएको थियो । नेपाल कम्युनिष्ट पाटीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठको निधन भएको ४४ वर्ष भएको छ। पुष्पलालको २०३५ साल साउन ७ गते भारतको गोविन्द बल्लव पन्त अस्पतालमा निधन भएको थियो । वी.पी.को निधन क्यान्सर बाट भएको थियो भने पुष्पलालको मुटुको व्यथाबाट । वी.पी. राष्ट्रियता, प्रजातन्त्र र समाजबादको लागि जीवन भर लडिरहेका थिए भने पुष्पलाल नेपालमा नौलो जनबाद र समाजबाद स्थापना गर्नको लागि आर्थिक, राजनैतिक र संस्कृतिक हकअधिकारका लागी मृत्यु पर्यन्त लडिरहे ।

नेपालमा जहानिय राणा शासन र निरंकुश निर्दलीय व्यवस्था विरुद्ध लडदै आएका वी.पी. र पुष्पलालको आर्दशबाट अहिलेका नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताहरु प्रभावित भएर राजनीतिमा होमिएका हुन । वी.पी. र पुष्पलालको शालीकमा माल्यार्पण गर्ने देखि उनीहरुको आर्दशको बारेमा विभिन्न कार्यक्रम गरी चर्चा गर्ने गरिन्छ । नेपालमा पुष्पलालले स्थापना गरेको कम्युनिस्ट पार्टीका नेताहरु आपसी झगडाले गर्दा दक्षिणपन्थी शक्तिलाई सत्ताको नेतृत्व सुम्पेर कम्युनिस्टलाई सत्ताबाट हटाएका छन । वीपीले स्थापना गरेको नेपाली कांग्रेस अहिले सरकारको नेतृत्व गरेको छ । काङ्ग्रेस वीपीको आदर्श छाडेर सत्ताका लागि जे गर्न पनि तयार भएको छ।देशको राष्ट्रिय हित भन्दा विदेशीलाई खुशी बनाउन तल्लीन छ।छिमेकीसंगको सन्तुलित नीति छाडेर शक्ति राष्ट्रको पोल्टामा जान तयार भएको छ । कम्युनिष्ट पार्टीहरु एकताबद्ध हुन छाडेर चिराचिरामा विभाजित भएका छन । नेकपा एमाले र नेकपा माओवादी केन्द्र मिल्न नसक्दा जनताको मतलाई अनादर गरि काङ्ग्रेसलाई सत्ता बुझाएका छन् । नेताहरू देश र जनताको हित भन्दा आफ्नो स्वार्थ र गुटस्वार्थमा लाग्दा कम्युनिस्ट पार्टीको भबिस्य नै खतरामा पर्ने देखिएको छ । पुष्पलालको नेपालमा एउटै कम्युनिष्ट पार्टी वनाउने इच्छा नेपालको स्वाभिमान कायम गर्दै जनताको मुहारमा खुशी ल्याउने हो । त्यो आकांक्षा माथि नेताहरूले खेलवाड गरेका छन् । नेताहरुको सिद्धान्त हिन, स्वार्थी स्वभावका कारण कम्युनिष्टहरु साना साना पार्टीमा बिभक्त छन् । दक्षिणपन्थी शक्तिलाई धुरी मानेर मन्त्री र केही थान नियुक्तिका लागि पार्टी विभाजन गरेर गोत्र हसाउने काम गरेका छन । देश पहिलो ठानेर सामाजिक न्याय सहितको विकास गरेर सुखि नेपाली वनाउने अभिभारामा विश्राम लागेको छ । जनतालाई रुवाएर पारिवारिक स्वार्थ र गुट रक्षाका लागि राष्ट्रियता कमजोर बनाउने काम गरेका छन।विदेशीको शिखण्डी बनेर नेपाल राष्ट्र ,नेपाली जनतको स्वाभिमान गिराउन तल्लीन छन ।

२०१७ सालमा वि.पी. को दुई तिहाईको सरकार विरुद्ध जुनखेल खेलिएको थियो कम्युनिस्ट पार्टीको सरकार हटाउन सबै शक्ति प्रयोग भएको छ।नेपालले सात दशक देखिको राजनीतिक संक्रमण अन्त्य गरि स्थिरता तर्फ देश जान लागेको ठानिएको थियो ।सर्वोच्च अदालतले प्रधानमन्त्री नियुक्ति गर्ने सांसदहरूलाई दलको ह्विप नलाग्ने, जस्ले जस्लाई समर्थन गरेपनि हुने फैसला गरेर बहुदलीय पद्धतिलाई बिकृत बनाएको छ । जुन उद्देश्यका लागि लडेका कांग्रेस कम्युनिष्ट अहिले आदर्शबाट च्युत भएका छन । राष्ट्रिय स्वाभिमानलाई कमजोर बनाएका छन । सरकारको नेतृत्व गरेको कांग्रेस पुराना सदस्यलाई हटाएर नयाँ सदस्य थपेर काङ्ग्रेसको आदर्श भुल्न नसक्ने अल्पमतमा परेका छन । केही पार्टीबाट पाखा लगाइएका छन। दुई तिहाईको वि.पी. नेतृत्वको सरकार हटाउँदा देशले कति ठुलो मुल्य चुकाउनु पऱ्यो भन्ने कुरा अहिलेको नेकपा एमाले,माओवादी, एकीकृत समाजवादी र काङ्ग्रेस नेतृत्वले बिर्सेर क्षणिक स्वार्थ हेर्दा प्राप्त उपलब्धि गुम्ने, विदेशीले खेल्ने र खेलाउने मौका दिएको छ ।

काङ्ग्रेस र कम्युनिष्टका नेताहरु गम्भिर नबन्दा पुष्पलाल र वि.पी.को स्मरण गर्नु बिरालो बाँधेर श्राद्ध गर्नु जस्तै हो । देखाउनका लागि वीपी र पुष्पलालको स्मृति गरेर पुग्दैन । राजनीतिक स्थिरता, राष्ट्रिय स्वाभिमान, जनताको जीवनमा परिवर्तनका लागि काम गर्ने अठोट चाहिन्छ । जनता रोग, भोक, अनिश्चित भविष्यबाट छट्पटी परेको बेला जनताका सवाललाई सम्बोधन नगरी कुर्सीको खेलमा लाग्दा पार्टीका संस्थापक नेपाल आमाका सपूतप्रती श्रद्धा गरेको ठहर्दैन । वीपी र पुष्पलाललाई सम्झनु भनेको देशको स्वाभिमान कायम राख्नु, बहुदलीय लोकतन्त्रलाई संस्थागत गर्नु, सिद्धान्तलाई ब्यवहारमा उतार्ने र सामाजिक न्याय स्थापना गर्न लाग्ने प्रण गर्नु हो । पुरानाको त्याग, समर्पण, ईमानदारीलाई बिर्सेर क्षणिक सत्ता स्वार्थमा तल्लिनहरुलाई विस्थापित गरेर राजनीति भनेको देश र जनताको लागि सेवा गर्ने हो । राजनीति मुल्य र मान्यताको आधारमा हुन्छ भन्ने अवस्था सृजना हुन सके विपि र पुष्पलालको बाटो पछ्याउन सकिन्छ । देशलाई बचाउन, जनताको मुहारमा खुशी ल्याउन सकिन्छ ।

# स्व. बिपिलाई जनताको पत्र, देउवा र कांग्रेसी नेतालाई बैकुण्ठबाटै सम्बोधन होस्



युव राज खनाल

बीपी सानैदेखि परिर्वतन चाहने व्यक्ति थिए । उनले त्यतिबेला अघि सारेका समाजवादको मुल सिद्धान्त खासमा मनगढन्ते सिद्धान्त थिएनन् भन्नेहरु पनि छन् । ती सिद्धान्तहरु संविधानसँग मेल खाने नै थिए, जो त्यतिबेलादेखि यतिबेला सम्म पनि सान्र्दभिक छन् । गरिबको एउटा सानो भएपनि घर होस् भन्ने कुरा संबिधानको आबासको हकसँग सम्बन्धित छ । केटाकेटीले पढ्न पाउन, भन्ने कुरा शिक्षाको अधिकारसँग जोडिएर आएको छ । उनले भनेको रोगिहरूले सिटामोल पाउन् भन्ने कुरो स्वास्थ्य र उपचारको हकसँग सम्बन्धित छ । कुटिर उद्योगलाई संरक्षण र प्रगतीशील कर, क्रान्तीकारी भुमिसुधार जस्ता कुराहरू देशको आर्थिकपक्षसँग सम्बन्धित छन् । जसलाई विपीले समाजबादका प्रमुख तत्वका रुपमा अघि सारेका थिए ।

राजनीतिक उद्देश्यसहित गठन भएको नेपाली कांग्रेसलाई बिपीले केबल प्रजातन्त्रको मात्र चर्चा गर्नु निरर्थक कुरा हो भन्ने निष्कर्षका साथ 'समानता र न्यायको आधारमा सम्पूर्ण समाजको पुननिर्माण गर्ने आर्थिक लक्ष्यसम्म डोहोर्याएका थिए । जबसम्म न्यायपूर्ण आधारमा समाजको पुनर्निर्माण भइसक्दैन, तबसम्म समाजको सर्वाङ्गीण विकास असम्भव छ भन्ने विश्लेषण गर्दै बी.पी.ले आर्थिक समानतामा विशेष जोड दिएका थिए । पाँच प्रतिशत व्यक्तिका हातमा देशको अधिकांश जमिन हुनु तथा ९५ प्रतिशत व्यक्ति भूमिहीन रहनुलाई उनी अन्यायपूर्ण ठान्थे । त्यसैले भूमिसुधार र जमिनको न्यायोचित पुनर्वितरण बीपीको प्राथमिक आर्थिक एजेण्डा थियो ।

समाजले जमिनबाट जति परिमाणमा उत्पादन गर्नुपर्छ, सामन्ती उत्पादन प्रणालीमा त्यतिमात्रामा उत्पादन लिनु संभव छैन भन्ने उनको मान्यता थियो । यसरी बी.पी. सामन्तवादको अन्त्य गर्ने कुरालाई मुलुकको विकासको अनिवार्य तत्व मान्थे । त्यसैले उनको नेतृत्वमा गठित पहिलो जननिर्वाचित सरकारले बिर्ता उन्मूलन गर्ने निर्णय गरेर नेपालमा सामन्ती उत्पादन पद्धतिलाई कमजोर पार्ने ऐतिहासिक कदम चालेको थियो ।

बीपी कोइराला नेपालको प्रजातान्त्रिक तथा समाजवादी आन्दोलनका एक विशिष्ट धरोहर हुन् । नेपालमा प्रजातान्त्रिक चेतनाको विजारोपण, त्यसको विस्तार र प्रजातान्त्रिक समाजको आधारशीला निर्माणमा उनले ज्यादै महत्वपूर्ण भूमिका खेलेका छन् । साहित्यमा समेत गहिरो दख्खल राख्ने र नेपाली साहित्य भण्डारमा उत्कृष्ट साहित्यिक सिर्जनाहरू हस्तान्तरण गर्ने कोइरालाको व्यक्तित्व, चिन्तन र क्रियाकलापको गहिरो प्रभाव नेपाली समाज र प्रजातान्त्रिक विश्वमा आज पनि उत्तिकै अनुभव गर्न सकिन्छ । वर्तमान परिस्थितिको समसामयिक विषय बस्तुलाई केलाउनु उपयुक्त लाग्छ । काङ्ग्रेस, एमाले र माओवादी केन्द्रमा आज जो नेतृत्वमा छन् दशौ वर्ष अघिबाट तिनै नेताहरू छ्न । ती नेताहरूलाई चुनौती दिने कुनै आँटिलो नेता निस्केन भने भोलि पनि काङ्ग्रेस नेतृत्वमा शेरबहादुर देउवा नै आउनेछन् । एमालेमा केपी शर्मा ओलीलाई चुनौती दिने कोही हुने छैनन् । माओवादी केन्द्रको त कुरै नगरौँ । त्यहाँ प्रचण्डलाई चुनौती दिनसक्ने हिम्मतिलो कोही देखिएलाजस्तो छैन । अहिले धोती फेरेका माधव नेपाल पनि आफ्नै हैकम जमाउदैछ्न ।

यसबाट के प्रस्ट हुन्छ भने राम्रो/नराम्रो, सक्षम/अक्षम जे-जे भने पनि आउँदा पाँच वर्ष पनि देउवा, ओली र दाहालकै खटनपटनमा राजनीतिको चर्ल्ने संभावना देखिँदै छ । फेरि पनि यदि यिनै नेताहरूबाट शासित हुन अभिशप्त हुनुपर्ने हो भने पार्टी महाधिवेशन र आमनिर्वाचनहरूको के अर्थ ? भविष्यको आश कसले जगाउने ? विधि पालनको आश कसरी गर्ने ? भ्रष्टाचारबाट मुक्त समाजको व्यर्थको खोजी किन गर्ने ? पटक-पटक विधि, परम्परा मिच्ने असफलहरूलाई नै फेरि पनि महाधिवेशनहरूले शीर्षस्थानमा विराजमान गरायो त्यस्ता महाधिवेशनहरूको के औचित्य ? किन नेताहरू त्यताहरु चुनौती गर्ने आट छैन हाम्रा नेताहरूमा । खै अब देउवाले काङ्ग्रेसमा नयाँ उर्जा भर्लान् ? उनले काङ्ग्रेसमा नंया बिचार र परिवर्तन ल्याउलान जस्तो लाग्दैन । उनको वरपर घुम्ने र सल्लाह दिने उनै पुराना अनुहार छ्न । देउवा यो देशमा पाँचपटक प्रधानमन्त्री भइसके । मुलुकले गर्व गर्नलायक पाँचवटामात्र काम भनून् त ! लगभग ४८ कै हाराहारीमा उनी प्रधानमन्त्री भए । तर सम्झनलायक कुनै काम गर्न सकेनन् । सत्ताका लागि विधि, परम्परा, संविधान, कानुनलाई मिल्काएर भए पनि सौदावाजी गर्ने उनको परिचय बनेको छ । गत १४ औ महाधिवेशनमा प्रतिनिधिहरूले सभापतिको नेतृत्व फेर्न सकेनन् नेतृत्व फेर्न कस्सिएका पौडेल हार खाए । आगामी पाँचवर्षसम्म फेरि पनि काङ्ग्रेस 'नुन खाएको कुखुरा' जस्तै हविगतमा पुग्नेछ । देउवाको न दृष्टिकोण छ न विधि मान्ने संस्कार । त्यसैले उनको नेतृत्वमा काङ्ग्रेस मुर्झिन्छ भनेर सोच्नु मरूभूमिमा महासागरको खोजी गर्नुजस्तै भएको छ । बीपी भन्नुहुन्थ्यो- राजनीति गर्ने व्यक्ति सरल, सहज र खुला किताब अर्थात् जोगीसरह जनतामा समर्पित हुनुपर्छ । तर अहिले राजनीतिलाई भौतिक सुखसुविधा आर्जन गर्ने थलोका रूपमा प्रयोग गर्दै 'राजनीति जोगी हुन गरिँदैन' भन्नेहरू बढिरहेका छन् । स्थानीय तह देखि केन्द्र सम्म नेपाल सरकारले जनप्रतिनिधिहरुको तलब नै तोकेको छ । नेपाल सरकारले तोकेको तलब भत्तामा संतुष्ट नहुनेहरु स्थानीय तहमै आफ्नो सेवा सुबिधा तोकेका हुन्छ्न । अझै नपुगेर कयौं जनप्रतिनिधिहरुले गरेका भ्रष्टाचार हाम्रालागी नौला छैनन । प्रदेश सरकार होस या केन्द्रिय सरकार आफ्ना सुबिधा बढाउन कोहि कतै कसैको कमि छैन । विभिन्न समयमा मौलाएका गैरप्रजातान्त्रिक पद्धति र संस्कारले जनता आक्रान्त छन् ।

महङ्गि दिन प्रतिदिन बढ्दो छ । अनियंत्रित रुपमा बढेको पेट्रोलिय पदार्थको मुल्य सगै बजारमा बढेको महङ्गिले सर्बसाधरण जनताको चुलो बल्नै नसक्ने अबस्थामा पुगेको छ । हाम्रो जस्तो कृषिप्रधान देशमा बीउ मलको हाहाकार छ । भनिन्छ शेरबहादुर देउवाको राजनीतिक जिवनको प्रारम्भ बि पि कोइरालाको भेटपछि भएको थियो । बि पि सुन्दरी जल जेलबाट रिहा भएर भारतको बनारस शहरमा निर्वासित जीवन बिताईरहेका थिए । शेर बहादुर देउवा इटेलधुराबाट उच्च शिक्षाका लागि काठमाडौ आएका थिए । तात्कालिक अबस्थामा देउवा पनि प्रजातान्त्रिक गतिविधिमा लहसिएका थिए ।

यहि क्रमश उनी बि पि सँग भेटघाट र बिचार बिमर्श गर्ने बनासर पुगेका थिए । बि पि देउवा सगको पहिलो भेटमा नै प्रभावित हुनुभएको थियो । त्यसै बेलादेखि शेरबहादुर देउवा सकृय राजनीति हुम्मिए बि पि का अनुयायी बनेर । तर आज बि पि का अनुयायी भएका देउवा यत्तिका समय नेपाली काङ्ग्रेस पार्टीको सभापति र देशका प्रधानमन्त्री हुदाँ समेत बि पि का परिकल्पना जुन अहिलेसम्म पनि उत्तिकै महत्वपूर्ण देखिन्छ्न ती परिपुर्ति हुन सकेका छैनन, नेपाली काङ्ग्रेसका आर्दशबादी नेता र कार्यकर्ता आजित छ्न । हजुर बैकुण्ठ बास हुनुहुन्छ, सारा नेपाली काङ्ग्रेसका स्वस्च र नेपाली काङ्ग्रेसको मुल्य मान्यतामा अडिक नेता तथा कार्यकर्ता लगाएत, अन्य पार्टीहरुका जान्ने बुझ्ने नेता तथा बुद्धिजीवीहरु हजुरका बिचार, आर्दश प्रती नतमस्थक छ्न । स्व. महामानव वि पि बैकुण्ठ बाट नै देउवा र नेपाली काङ्ग्रेसको मूल्य मान्यता र आदर्शलाई भुलेर ,गुड-उपगुट, बर्मलुट, र लुटपुट गर्ने काङ्ग्रेस नेताहरूलाई सदबुद्दी दिलाइदिनोस नेपाली जनताको स्व.आत्माको चिरशान्ती कामाना गर्दै यो पत्र पठाएका छौ ।

जय नेपाल
शुक्ला १ तनहुँ, नेपाल

# वर्षा हुँदा किसान खुसी

पोखरापत्र संवाददाता
बागलुङ, ५ साउन

वर्षाले किसानलाई राहत मिलेको छ। खडेरीका कारण रोपाइँ गर्न नपाएका किसानले वर्षापछि धमाधम रोपाइँ थालेका छन् । जिल्लाभर ३० प्रतिशत खेतमा अझै रोपाइँ गर्न बाँकी रहेको छ। बैंसी खेतमा कुलो र नहरको पानी पर्याप्त हुने भएकाले रोपाइँ भएको भए पनि पाखामा रोपाइँ हुनसकेको थिएन् । सुख्खा ठाउँमा भल छोपेर रोपाइ गर्ने किसान लामो समयको खडेरीका कारण मर्कामा थिए ।

"वर्षा सुरु भयो, अब केही दिन पानी पर्छ भनेको रेडियोमा सुनेको छु", जैमिनी नगरपालिका-९ का किसान टङ्कप्रसाद शर्माले भन्नुभयो, "अब त खडेरीले नसताउला भन्ने लागेको छ ।" यसअिघ रोपाइँ सकेका किसान खेतमा धाँजा फाट्न थालेपछि चिन्तामा थिए । वर्षासँगै खहरेमा पानीको मात्रा बढेको र मूल बढेपछि रोपेको जमिनमा पानी लगाउन सहज भएको बागलुङ नगरपालिका-१२ का खगेश्वर घिमिरेले बताउनुभयो ।

असारको अन्तिम सातायता साउनको ३ गतेसम्म भल चल्ने गरी बागलुङमा पानी परेको थिएन् । असारको अन्तिम साताको एक दिनको वर्षाले एक दिन मात्रै रोपाइ गरेका किसान खहरे सुक्न थालेपछि उत्पादन घट्ने चिन्तामा थिए । असार अन्तिम साताका लागि रोप्ने तयारीका साथ ब्याड राखेको बीउ बुढिएर रोप्नै नमिल्ने भइसकेको छ ।

# थप ४३५ जनामा सङ्क्रमण पुष्टि

रासस
काठमाडौं, ५ साउन

पछिल्लो समय ४३५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार तीन हजार ५६९ जनामा गरिएको परीक्षणमा बिहीबार देशभर सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो ।

हाल सक्रिय सङ्क्रमितको सङ्ख्या दुई हजार ५३७ रहेका छन् । विगत २४ घण्टामा ५६ जना सङ्क्रमणमुक्त भएका छन् । काठमाडौँ जिल्लामा ५०० बढी सङ्क्रमित रहेको पाइएको मन्त्रालयले जनाएको छ । आठ जिल्लामा शून्य सङ्क्रमित रहेका छन् ।

हाल होम आइसोलेशनमा दुई हजार ३९६, संस्थागत आइसोलेशनमा १४१ र सघन उपचार कक्ष (आइसियु)मा १९ जना उपचार भइरहेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बढ्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखात,माटो हेर्नका लागि सम्झनुहोस् ।

## डिस्चार्ज सर्टिफिकेट हराएको सूचना

म हेम बहादुर गुरुङको Indian Army को पेन्सन निस्कदाको अवस्थाको डिस्चार्ज सर्टिफिकेट लामाचौरबाट महेन्द्रपुल आउने क्रममा मिति २०७९/०१/०५ गते हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।

Name: Hem Bahadur Gurung
Indian Army No: 5344811Y
Rank: NK
TS No: 159005
ठेगानाः लामाचौर–१६, पोखरा
सम्पर्क नं.: ९८४६८४२०३५

## विमा लेख हरायो

गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडबाट जारि गरिएका निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछौं ।
नामः कल्पना कुमारी पौडेल
बीमालेख नः ०६१००१३७५२

सम्पर्क : गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
क्षेत्रीय कार्यालय पोखरा
फोनः ०६१-५२४४५०

## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
(नेपाल सरकारको पूर्ण स्वामित्वमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित )
गण्डकी प्रादेशिक कार्यालय पोखरा

## सटर भाडामा लगाउने सम्बन्धी ७ दिने सूचना

प्रकाशित मिति : २०७९/०४/०६

कास्की जिल्ला पो.म.न.पा.१७, विरौटा स्थित यस कम्पनीको स्वामित्वमा रहेको क्रमश १६ सटर र साथको जग्गा साथै पसलकबल माथिको खाली सटर भाडामा दिन प्रथम पटक मिति २०७९।०३।२२ र मिति २०७९।०३।१९ मा सूचना प्रकाशन गरिएकोमा पर्याप्त गोप्य शिलबन्दी दरभाउ कोटेशन पेश हुन नआएकोमा दोस्रो पटक पुन दुवैका लागि सूचना गर्ने भनि प्रधान कार्यालयको सम्पत्ती व्यवस्थापन तथा पूर्वाधार विकास विभागको मिति २०७९।०४।०५ को निर्देशन अनुसार न्युनतम मासिक भाडादर क्रमश रु. ३,३३,३५५।– (अक्षरुपी रु. तिन लाख तेत्तिस हजार तीन सय पचपन्न मात्र) र रु. ४५,३७५।– (अक्षरुपी रु. पैतालिस हजार तीन सय पचहत्तर मात्र) भन्दा कम नहुने गरि प्रचलित कानुनले बन्देज नगरिएको व्यापार व्यवसाय संचालन गर्नको लागि भाडामा लिन चाहने ईच्छुक नेपाली नागरिक, संघ संस्था, फर्म वा व्यक्तिहरुले गोप्य शिलबन्दी दरभाउ (कोटेशन) पेश गर्न हुन यो ७ दिने सूचना प्रकाशन गरिएको छ । यस सम्बन्धमा अन्य कुनै जानकारी लिन कार्यालय समयभित्र सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिन्छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
गण्डकी प्रादेशिक कार्यालय, पोखरा
फोनः ०६१-४५५२५९, ९८५६०८६७६७
email: nfcpokhara@gmail.com

# टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण

**पोखरापत्र संवाददाता**
**दमौली, ५ साउन**

तनहुँकोआँबुखैरेनीगाउँपालिकाले टोल-टोलमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न सुरुआत गरेको छ । गाउँपालिकाले वडा नम्बर ५ को लाब्दी र भोटीश्वाराँमा पुगेर भत्ता वितरण गर्न थालनी गरेको हो ।

भत्ता लिन जनतालाई बैंकसम्म आइपुग्ने झण्झटबाट मुक्त गर्न टोलमै पुगेर भत्ता वितरण गर्न थालिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । उहाँले स्थानीय तह निर्वाचनका बेला आफू गाउँपालिका अध्यक्षमा निर्वाचित भएमा गाउँ-गाउँमै आएर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । गाउँपालिकाको आर्थिक वर्ष ०७९/८० को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा पनि यो कुरा समेटिएको छ । सोही बमोजिम यतिबेला गाउँपालिकाले आव २०७८/०७९ को वैशाखदेखि असारसम्मको वितरण गर्न बाँकी सामाजिक सुरक्षा भत्ता टोल-टोलमा पुगेर वितरण गर्न थालेको हो । “मैले चुनावमा जनतासामु गरेका वाचा पूरा गर्दै टोल-टोलमा सामाजिक सुरक्षा भत्ता वितरण सुरुवात गराएको छु”, उहाँले भन्नुभयो, “पहिलो प्राथमिकता नै अपाङ्ग तथा ज्येष्ठ नागरिकलाई कसरी सहजरुपमा गाउँमै भत्ता पुऱ्याउन सकिन्छ भन्ने थियो, त्यो वाचा पूरा गर्न सफल भएको छु ।” टोल-टोलमा भत्ता वितरण सुरु गरिएसँगै अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकले गाउँबाट आएर बजारमा रहेको बैंकको ढोकामा घण्टौं लाइन बसेर सामाजिक सुरक्षा भत्ता लिनुपर्ने बाध्यता हटेको छ । गाउँपालिकाले यो कामका कारण ज्येष्ठ नागरिक खुसी भएका छन् । भत्ता टोल-टोलमै पुगेर वितरण गर्नका लागि बैंकलाई आवश्यक सुरक्षाको प्रबन्ध, यातायात र स्वयंसेवकको व्यवस्था गाउँपालिकाले गरिदिएको प्रमुख प्रशासकीय अधिकृत गोपीकृष्ण अर्यालले जानकारी दिनुभयो । उहाँका अनुसार गाउँपालिकाले अन्य वडामा पनि टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्नेछ ।

वडा नम्बर १ को देवीडाँडा आमा समूह भवन, चन्द्रोदय माविबाट पनि सामाजिक सुरक्षा भत्ता वितरण गरिसकिएको छ भने सोही वडाको गुम्बा इलाका, मिलीजुली सहकारीबाट साउन ५ गते सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ ।

वडा नम्बर २ को पौवा, डुम्रीखर्क, अदुवाखर्कमा साउन ८ गते, एक्लेफाँट महिला समूह भवन, तिलाबारी आधार भूत स्वास्थ्य केन्द्रको भवन, नारीघाट, ढाँड, खानीखोला माधव मिश्रको घरमा साउन ९ गते र ढकालटार, उन्नति सहकारी भवन, पुरानो बसपार्क, ल्युतपाखामा साउन १० गते सामाजिक सुरक्षा भत्ता वितरण गरिने गाउँपालिकाले जनाएको छ ।

वडा नम्बर ३ को आँबुगाउँमा साउन ७ गते, वडा नम्बर ४ को भाँगे, अक्लाङ, लोप्राङ, घ्याङिसिङ काफलडाँडामा साउन १० र ११ गते, आमडाँडाबेसीमा साउन १२ गते र वडा कार्यालयबाट १३ र १४ गते सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ । वडा नम्बर ६ को हिलेखर्क, पिउघरमा साउन १३ गते सामाजिक सुरक्षा भत्ता वितरण गरिने गाउँपालिकाले जनाएको छ ।

सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीको भत्ताकार्ड नवीकरण पनि सोही क्रममा गरिने प्रमुख प्रशासकीय अधिकृत अर्यालले जानकारी दिनुभयो । आँबुखैरेनीमा एनएमबी बैंक, प्राइम कमर्सियल बैंक, प्रभु बैंक र एनसिसि बैंकसँग सम्झौता गरी गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आइरहेको छ ।

# सुन्तला नर्सरीबाट मनग्य कमाइ

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ साउन**

बहुआयामिक सफल कृषकको रूपमा परिचय बनाउनुभएका बागलुङका केदार आचार्यले सुन्तलाको बिरुवा बिक्रीबाट मनग्य आम्दानी गर्नुभएको छ । बागलुङको जैमिनी नगरपालिका-१० राङखानीका केदार आचार्यले यस वर्ष नर्सरीबाट राम्रो आम्दानी गर्न सफल हुनुभएको छ ।

विसं २०७३ देखि व्यावसायिक कृषि सुरु गर्नुभएका आचार्यले २०७७ सालमा नर्सरी सुरु गर्नुभएको थियो । अघिल्लो वर्ष पाँच हजार अलैंचीका बिरुवा बेचेर रु २५ हजार आम्दानी गर्नुभएका आचार्यले यस वर्ष सुन्तलाका बिरुवा बेचेर रु चार लाख २० हजार आम्दानी गर्नुभएको हो । आचार्यले यस वर्ष बेच्न मिल्ने गरी १५ हजार सुन्तलाका बिरुवा तयार गर्नुभएको थियो । स्थानीय प्रजातिका सुन्तलाका १५ हजार बिरुवा उत्पादन गर्दा आचार्यको प्रतिबिरुवा रु १८ लागत लागेको छ । १५ हजार बिरुवा उत्पादन गर्दा रु दुई लाख ७० हजार लगानी भएको आचार्य बताउनुहुन्छ । सरकारी दररेटअनुसार प्रतिगोटा संस्थालाई रु २५ र व्यक्तिलाई रु ५० मा बेच्न मिल्ने भए पनि सोही दररेटअनुसार बिक्री गर्न नसिकएको आचार्यले बताउनुभयो । उहाँले १० हजार बिरुवा रु २७ र अन्य तीन हजार बिरुवा गुणस्तर हेरेर रु ३५, रु ४५ र रु ५० दरले बिक्री गर्नुभएको छ । आचार्यको नर्सरीबाट जैमिनी नगरपालिकाको कृषि शाखा र जैमिनीकै भगवती अलैंची पकेट समूहले पाँच-पाँच हजार बिरुवा खरिद खरेका गरेका छन् । त्यसैगरी कृषि ज्ञान केन्द्र बागलुङले दुई हजार ५०० बिरुवा खरिद गरेको आचार्यले बताउनुभयो । उहाँको नर्सरीमा अझै दुई हजार बिक्री गर्न मिल्ने बिरुवा छन् ।

अन्य ५०० बिरुवा व्यक्तिले खरिद गरेको आचार्यको भनाइ छ । जैविक कृषि फार्म दर्ता गरेर गड्यौला खेती, तरकारी खेती गर्दै आचार्यले पछिल्लो समय नर्सरीबाट समेत राम्रो आम्दानी गर्न थाल्नुभएको हो । उहाँको नर्सरीमा हिउँदमा बेच्नका लागि ५०० ओखर (बिजु) र एक हजार किवीका कलमी गरेका बिरुवा तयार भएका छन् । आगामी वर्षका लागि पर्वतको बासखर्कको स्थानीय प्रजाति र तेह्रथुमको खोको प्रजातिका सुन्तलाका १५ हजार बिरुवा तयार हुँदै गरेको आचार्यको भनाइ छ । उहाँको नर्सरीमा आगामी वर्षका लागि सुन्तलाका एक हजार ५०० कलमी र ५०० कागतीका बिरुवासमेत बेच्नका लागि तयार हुने छन् ।

लगाएको छोटो समयमै उत्पादन दिने भएर पछिल्लो समय कलमी बिरुवाको माग बढ्दै गएको हुँदा विस्तारै बिजु बिरुवा कम गरेर कलमीमा जोड दिने आचार्य बताउनुहुन्छ । बिजु बिरुवाले लगाएको तीन वर्षमा उत्पादन दिन सुरु गर्ने र सातदेखि १० वर्षमा परिपक्क हुने भए पनि कलमी बिरुवा रोपेकै वर्षमा उत्पादन दिन सुरु गर्ने र तीन वर्षमा राम्रो उत्पादन दिन सुरु गर्ने भएकाले कृषकको रोजाइमा कलमी बिरुवा पर्न थालेको आचार्यले बताउनुभयो ।

करिब २० रोपनी जमिनमा कृषि गर्दै आएका आचार्यले संरचना र विविध औजारमा मात्र रु ५० लाख लगानी गर्नुभएको छ । जडीबुटी सङ्कलनको काम गर्न थाल्नुभएका आचार्यले आगामी वर्षबाट सतुवा र अस्वगन्धजस्ता जडीबुटीको समेत नर्सरी सुरु गर्ने बताउनुभयो ।

# बागलुङमा एक वर्षमा सवा अर्ब राजस्व सङ्कलन

**पोखरापत्र संवाददाता**
**बागलुङ, ५ साउन**

गत आर्थिक वर्षमा बागलुङमा झण्डै रु सवा एक अर्ब राजस्व सङ्कलन भएको छ । यहाँ रहेका सङ्घीय तथा प्रदेश सरकार मातहतका कार्यालयले मात्रै उक्त राजस्व सङ्कलन गरेका हुन् ।

बागलुङमा रहेको आन्तरिक राजस्व कार्यालयसहितका कार्यालयले विभिन्न शीर्षकमा रु एक अर्ब २१ करोड छ लाख १७ हजार ९७७ राजस्व सङ्कलन गरेका छन् । असार मासन्तमा मात्रै यहाँका कार्यालयमा रु २२ करोड ५७ लाख ८२ हजार ८४२ राजस्व सङ्कलन भएको थियो ।

आर्थिक वर्ष २०७८/७९ मा सङ्घीय सरकार मातहतका ४२ कार्यालय तथा एकाइले रु एक अर्ब चार करोड एक लाख २६ हजार ४७४ राजस्व सङ्कलन गरेको तथ्याङ्क छ । ती कार्यालयले असारमा मात्रै रु २१ करोड २० लाख ७४ हजार ५९० राजस्व सङ्कलन गरेका थिए । प्रदेश सरकार माताहतका १७ कार्यालयले रु १७ करोड चार लाख ९१ हजार ५०३ राजस्व सङ्कलन गरेका छन् । असारमा मात्रै ती कार्यालयले रु एक करोड ३७ लाख आठ हजार २५२ राजस्व सङ्कलन गरेका हुन् । प्रदेश सरकार मातहतमध्ये सबैभन्दा धेरै यातायात व्यवस्था कार्यालयले राजस्व सङ्कलन गरेको तथ्याङ्क कोष तथा लेखा नियन्त्रण कार्यालयसँग छ । यातायात व्यवस्था कार्यालयले रु १४ करोड १६ लाख ६५ हजार ६६६ राजस्व सङ्कलन गरेको थियो । धौलागिरि आयुर्वेद औषधालय सबैभन्दा कम राजस्व उठाउने प्रदेश मातहतको कार्यालय बनेको छ । औषधालयले रु ८०० मात्रै राजस्व सङ्कलन गरेको छ । सङ्घीय सरकार मातहत रहेको आन्तरिक राजस्व कार्यालयले सबैभन्दा धेरै राजस्व सङ्कलन गरेको छ ।

रु एक अर्ब चार करोड राजस्व सङ्कलनको लक्ष्य राखेको कार्यालयले रु ८८ करोड सात लाख राजस्व सङ्कलन गरेको सूचना अधिकारी हेमराज पौडेलले बताउनुभयो । कार्यालयले आय कर मात्रै रु ४८ करोड ६१ लाख उठाएको छ । रु ४५ करोड ४० लाख वार्षिक लक्ष्य रहेको आय कर शीर्षकमा लक्ष्यभन्दा रु तीन करोड २१ लाख बढी राजस्व जम्मा भएको हो । पौडेलका अनुसार आयकर तिर्ने बितेका वर्षभन्दा यस वर्ष धेरै करको दायरामा आएका छन् । मूल्य अभिवृद्धि करबाट रु २७ करोड ५२ लाख, अन्तःशुल्क रु दुई करोड ४४ लाख र ब्याज कर रु आठ करोड एक लाख सङ्कलन भएको पौडेलले बताउनुभयो ।

निर्धारण गरिएभन्दा आयकर सात प्रतिशतले बढी उठेको भए पनि अन्य करका शीर्षकले भने लक्ष्य भेटाउन सकेनन् । सङ्घीय सरकारअन्तर्गत रहेको तत्कालीन अर्जुनबाण गणले सबैभन्दा कम रु १५० मात्रै राजस्व सङ्कलन गरेको थियो । स्थानीय तहले विभिन्न शीर्षकमा लिने राजस्व भने यसमा समावेश छैनन् ।

स्थानीय तहले करको दर र दायरा कायम गरेर निर्धारण गर्ने तथा बजेट आफैले बनाएर खर्च गर्न पाउने भएकाले कोष तथा लेखा नियन्त्रण कार्यालयले तथ्याङ्क नराख्ने सूचना अधिकारी जब्बरबहादुर भण्डारीले बताउनुभयो ।

# कम्प्युटर शिक्षकका लागि बजेट व्यवस्थापन

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ५ साउन**

म्याग्दीको रघुगङ्गा गाउँपालिकाले १२ वटा सामुदायिक विद्यालयमा कम्प्युटर विषयको पठनपाठन गराउन शिक्षक व्यवस्थापन गर्ने भएको छ । आधुनिक प्रविधियुक्त शिक्षा प्रदान गर्ने उद्देश्यले १० वटा मावि र दुई वटा कक्षा ८ सम्मको पठनपाठन हुने आधारभूत विद्यालयमा शिक्षक व्यवस्थापन गर्न आर्थिक वर्ष २०७९/८० मा बजेट विनियोजन गरेको छ ।

ज्ञानोदय, रघुगङ्गा, जनता, कालिका, रितुङ, मुक्तिधाम, महेन्द्र, अमर मावि पाखापानी, अमर मावि चिमखोला, महादेव मावि र दुई वटा आधारभूत विद्यालयमा कम्प्युटर शिक्षकको व्यवस्था गरिने गाउँपालिकाका शिक्षा अधिकृत कृष्णप्रसाद सुवेदीले जानकारी दिनुभयो । “आधारभूत तहका चारमध्ये दुई वटा विद्यालयमा विद्यार्थीको सङ्ख्या निकै कम भएकाले दुई विद्यालयले मात्र कम्प्युटर शिक्षक पाउने भएका छन्,” उहाँले भन्नुभयो “प्रस्तावित माध्यामिक विद्यालयलाई आवश्यकता अनुसार दुई वर्षदेखि गणित, विज्ञान र अङ्ग्रेजीका शिक्षकसमेत गाउँपालिकाले नै व्यवस्था गरेको छ ।” गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीका अनुसार निमावि तह सरहको सेवा सुविधा पाउने गरी कम्प्युटर शिक्षक व्यवस्था गर्न गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा रु एक करोड १३ लाख ५० हजार बजेट विनियोजन गरेको छ ।

माध्यमिक कक्षा सञ्चालन भएका तर माध्यामिक तहको शून्य दरबन्दी भएका विद्यालय ज्ञानोदय, रघुगङ्गा, जनता, कालिका र रितुङ माध्यामिक विद्यालयमा एक/एकजना माध्यमिक शिक्षकको व्यवस्थापन गरिएको प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो ।

रघुगङ्गा, जनसुन्दर, देउराली आधारभूत, ज्ञानोदय माध्यामिक, सिद्धार्थ ज्ञानमन्दिर आधारभूत र माझखर्कमा बालविकास सहजकर्ता तथा मुक्तिधाम माध्यामिक विद्यालयमा सहयोगी कर्मचारी व्यवस्था गरिएको छ । सामुदायिक विद्यालयमा विद्यार्थी र अभिभावकको चासो कम हुँदै गएको अवस्थामा पालिकाको शिक्षा क्षेत्रलाई प्रविधिमैत्री र व्यवहारिक बनाउन पहिलो प्राथमिकता राखेर अघि बढेको पालिका अध्यक्ष भबहादुर भण्डारीले जानकारी दिनुभयो ।

सामुदायिक विद्यालयमा अध्यापनरत बालविकास सहजकर्ता तथा विद्यालय सहयोगीको तलब भत्ताका सम्बन्धमा नेपाल सरकारले निर्धारण गरेको मासिक तलब रु ८ हजारमा रू सात हजार थप गरी रु १५ हजार पुऱ्याइएकोमा यसपालि १५ प्रतिशत बढाइएको छ ।

# चालीसौँ बिपी स्मृति दिवस

**रासस**
**काठमाडौं, ५ साउन**

प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको योगदानको स्मरण गरी ४० औँ स्मृति दिवस शुक्रबार मुलुकभर विभिन्न कार्यक्रम गरी मनाइँदैछ ।

नेपालमा प्रजातन्त्रको स्थापनाका लागि कठोर सङ्घर्ष गर्नुभएका कोइरालाको विसं २०३९ साउन ६ गते निधन भएको थियो । उहाँले नेपाली साहित्यका क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याउनुभएको छ । कोइरालाको जन्म १९७१ भदौ २४ गते भएको हो । विसं २०१५ को संसदीय निर्वाचनपछि २०१६ जेठमा उहाँ पहिलो निर्वाचित प्रधानमन्त्री बन्नुभएको थियो ।

नेपाली साहित्यमा मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवर्तक कोइरालाका डेढ दर्जन कृति प्रकाशित छन् । उहाँका ‘तीन घुम्ती’, ‘ मोदी आइन’, ‘हिटलर र यहुदी’, ‘सुम्निमा’, ‘नरेन्द्रदाइ’, एवं ‘बाबु, आमा र छोरा’ गरी छ उपन्यास प्रकाशित भएका छन् । त्यसैगरी दुई कथा सङ्ग्रह ‘श्वेत भैरवी’ र ‘दोषी चश्मा’, हरिप्रसाद शर्माको सम्पादनमा ‘विश्वेश्वरप्रसाद कोइरालाका कथा र कविता’, प्रकाशित छ ।

वरिष्ठ अधिवक्ता स्व गणेशराज शर्मासँगको वार्तामा आधारित ‘आत्मवृत्तान्त’, सुन्दरीजल बन्दीगृहमा बस्दाको दैनिकीमा आधारित ‘जेल जर्नल’, विसं २०३३ पुस १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिई स्वदेश फर्केपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधै सुन्दरीजल बन्दी गृहमा लगिएपछि लेखिएको दैनिकी ‘फेरि सुन्दरीजल’ ले नेपालको तत्कालीन राजनीतिक अवस्थाको यथार्थ चित्रण गरेको छ ।

ज्ञाननिष्ठ ज्ञवालीको सम्पादनमा प्रकाशित सिसार पत्रिकामा ‘साहित्यमा प्रगतिशीलता’ विषयक कोइरालाको निबन्धलगायत रचना पनि प्रकाशित छन् ।

जीवनको लामो समयसम्म कांग्रेसको नेतृत्व गरी २०१५ सालको आमनिर्वाचनमा पार्टीले दुई तिहाइ बहुमत प्राप्त गरेपछि प्रथम जननिर्वाचित प्रधानमन्त्री बन्नुभएका कोइरालाले नेपालमा राष्ट्रियता, प्रजातन्त्र र समाजवाद स्थापनाका लागि राजनीतिक नेतृत्व प्रदान गर्नुभयो । प्रधानमन्त्रीत्वकालमा उहाँले बिर्ता उन्मूलन र ‘ जग्गा जोत्नेको हुनुपर्छ’ भन्ने भूमिसुधार कार्यक्रम अगाडि बढाउनुभयो ।

विसं २०१७ पुस १ गते शाही नेपाली सेनाको शक्तिका भरमा जननिर्वाचित सरकार अपदस्त गरिएपछि कोइराला लगायत नेतालाई सिंहदरबारमा बन्दी बनाइएको थियो । एक महिनापछि सेनाको सुन्दरीजल आर्सनलका प्रमुखको सरकारी निवासलाई वरिपरि पर्खालले घेरेर नेता कोइराला, संसदका प्रथम सभामुख कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंहलगायत मन्त्रीलाई सुन्दरीजल बन्दीगृहमा बन्दी बनाइएको थियो । विसं २०२५ मा स्वास्थ्य परीक्षणका लागि जेल मुक्त हुनुभएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बिताउनुभएको थियो । भारतमा निर्वासित भएर प्रजातन्त्र पुनःस्थापनाका पक्षमा सङ्घर्ष गर्दा राष्ट्रियता कमजोर भएको विश्लेषण गरी आठ वटा ज्यान मुद्दाको पर्वाह नगरी २०३३ साल पुस १६ गते राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई उहाँ स्वदेश फर्कनुभएको थियो । उहाँले अपनाएको मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक छ । प्रजातान्त्रिक समाजवादका चिन्तक एवं प्रयोक्ता कोइरालाले स्वतन्त्ररुपमा चिन्तन, आयाम, परम्परा र शैली दिएर साहित्यका माध्यमबाट नेपाली वाङ्मयलाई शिखरमा पुऱ्याउन योगदान दिनुभयो । प्रथम जननिर्वाचित सरकारका प्रधानमन्त्री, संसद्का सभामुख एवं मन्त्रीहरूलाई बन्दी बनाइएको सुन्दरीजल बन्दगृहलाई विसं २०६१ भदौ २४ गते बिपी सङ्ग्रहालयका रुपमा उद्घाटन गरियो । बिपीको जीवनका महत्वपूर्ण चीजबीजको सङ्कलन गरी दर्शनीय बनाइएको सङ्ग्रहालय २०७२ साल वैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त भई हाल पुनःनिर्माण भइरहेको छ ।

सङ्ग्रहालयमा बिपीको जीवनका महत्वपूर्ण सामग्रीका साथै विसं २००७ को क्रान्तिमा प्रयोग गरिएको ट्याङ्कर, कांग्रेसले २०२९ सालमा क्रान्तिलाई खर्च जुटाउन अपहरण गरेको नेपाल वायु सेवा निगमको विमान पनि राखिएको छ । बिपी स्मृति दिवसका अवसरमा कांग्रेस, भ्रातृ संस्था र बिपी सङ्ग्रहालय समितिले मुलुकभर विभिन्न कार्यक्रम गर्ने पार्टी कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो ।

# पेस्तोलसहित भारतीय नागरिक पक्राउ

**पोखरापत्र संवाददाता**
**लमजुङ, ५ साउन**

यहाँ पेस्तोलसहित एक भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

बेँसीसहर नगरपालिका-१ उदिपुर क्षेत्रमा हिँडिरहेका भारतको मोतीहारी जिल्लाका २२ वर्षीय दीप कुमारलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय लमजुङका प्रहरी निरीक्षक जगदीश रेग्मीले बताउनुभयो । शङ्कास्पद गतिविधिमा बुधबार हिँडिरहेका बेलामा प्रहरीले पक्राउ गरे पनि साँझ ती युवालाई सार्वजनिक गरिएको हो । उनको साथबाट पेस्तोलसहित एक थान गोली, मोबाइल, सिमकार्ड र निजको आधार कार्डसमेत बरामद गरिएको जिल्ला प्रहरी प्रहरीले जनाएको छ । बिहीबार जिल्ला अदालत लगेर म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक रेग्मीको भनाइ छ ।


## शिक्षक आवश्यकता

यस भारती भवन मा. वि. को विद्यालय व्यवस्थापन समितिको मिति २०७९/०४/०३ को निर्णय तथा पोखरा महानगरपालिका कार्यालय न्यूरोड कास्की (शिक्षा महाशाखा) को पत्र नं. ०७९/८० च.नं. ०६ र मिति २०७९/०४/०३ को निर्णय अनुसार यस विद्यालयमा माध्यमिक तह (१०+२), अनुदान कोटा, लेखाशास्त्र विषयको शिक्षक नियुक्त गर्नको लागि अनुमति प्राप्त भए अनुसार तपशिल बमोजिमको योग्यता भएका इच्छुक नेपाली नागरिकबाट आवश्यक कागजात सहित दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**
**विज्ञापन नं.**: १/२०७९/०८०
**विज्ञापन मिति**: २०७९/०४/०५
**पदः** माध्यमिक तह (१०+२), अनुदान कोटा
**न्यूनतम शैक्षिक योग्यताः वाणिज्य शास्त्र विषय लिई स्नातकोत्तर तह उत्तीर्ण**
**उमेरः १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको**
**प्रकारः अस्थायी, करार**
**विषयः लेखाशास्त्र**
**आवेदन दस्तुरः रु १५००।-**
**परीक्षाको किसिमः लिखित, अन्तरवार्ता र प्रयोगात्मक**
**सेवा सुविधाः नेपाल सरकारको प्रचलित कानुन बमोजिम**
**दरखास्त बुझाउने अन्तिम मितिः** २०७९/०४/१९ **(कार्यालय समयभित्र)**
**आवश्यक कागजातः शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र, अध्यापन अनुमति पत्र ।**
**निवेदन दिने स्थानः** भारती भवन मा.वि. पो.म.न.पा.-१९, पुरुन्चौर, कास्की
**सम्पर्क मितिः** २०७९/०४/२० गते
**परीक्षाको मितिः सम्पर्क मितिको दिन जानकारी हुनेछ ।**
**सम्पर्क फोन नं.**: ०६१-५०३०६२, ९८४६०४४१४३
**Email: bhawan.bharati2066@gmail.com**
**नोटः कम्प्यूटरमा दक्ष, अंग्रेजीमा दक्ष (बोलाई र लेखाई)लाई विशेष प्राथमिकता दिइने छ ।**

**भारती भवन माध्यमिक विद्यालय**
**पोखरा-१९ पुरुन्चौर, कास्की**